उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलास

एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री हेमराज पन्त

**आदेश**

दायरी नं.०७७-WO-०००८

मुद्दाः- परमादेश ।

अधिवक्ता श्री लोक बहादुर शाहसमेत.....................................................................१ निवेदक

विरुद्ध

जिल्ला प्रशासन कार्यालय बाँकेसमेत.......................................................................१ विपक्षी

निवेदन व्यहोरा पेश भई निवेदक अधिवक्ताहरु श्री सुनिल कुमार श्रेष्ठ, श्री लोक बहादुर शाह, श्री वसन्त गौतम, श्री पवन कुमार गुप्ता, श्री विश्वजीत तिवारी, श्री बलबहादुर चन्द र श्री अमृता के.सी.ले गर्नु भएको वहस सुनियो।

यसमा के-कसो भएको हो? निवेदकको निवेदन माग बमोजिम परमादेशको आदेश जारी हुनु पर्ने नपर्ने के हो ? आदेश जारी हुनु नपर्ने कुनै आदेश .कारण र प्रमाण भए सो समेत साथै राखी बाटाका म्याद वाहेक १५(पन्ध्र) दिन भित्र विपक्षी नं. ५ र ६ का हकमा आफै वा आफ्नो कानुन बमोजिमको प्रतिनिधी मार्फत र अन्य विपक्षीहरुका हकमा उच्च सरकारी वकील कार्यालय नेपालगंज मार्फत मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपी समेत साथै राखी विपक्षीहरुका नाउँमा सूचना म्याद जारी गरी लिखित जवाफ परे वा पर्ने अवधि व्यतित भएपछी नियमानुसार पेश गर्नु ।

साथै अन्तरिम आदेश माग गरेतर्फ विचार गर्दा, बाँके जिल्लामा रहेका कारागार तथा बाल सुधार गृहमा क्षमता भन्दा बढी कैदीवन्दी र बालबालिकाहरु रहेको तथ्य निरविवाद रहेको देखिन्छ। कारागारको क्षमता बृद्धी तथा कैदीवन्दीहरुको पाउने सुविधा समेत उपलब्ध गराउन भनी तत्कालिन पुनरावेदन अदालत नेपालगंजबाट मिति २०७१।१०।२१ मा विपक्षी जिल्ला प्रशासन कार्यालय समेतका नाममा परमादेशको आदेश समेत जारी भएको समेत देखिन आयो। साथसाथै विश्वभरी फैलिएको कोरना भाईरसको महामारीबाट नेपाल समेत प्रभावित भै रहेको र हालै बाँके कारागारमा रही रहेका कैदी तथा सुरक्षाकर्मीमा समेत कोरना भाईरसको लक्षण Positive देखिएको समेतबाट कारागार तथा बाल सुधार गृह विशुद्ध रुपमा कोरोना मुक्त नै रहेको छ भनी विश्वस्त हुन सकिने अवस्था देखिएन।

उल्लेखित आधार र कारणबाट प्रस्तुत मुद्दामा फैसला हुँदा ठहरे बमोजिम हुने नै हुँदा निवेदनको टुङ्गो नलागेसम्म तत्काल निम्न बमोजिमका कामहरु गर्न गराउन भनी विपक्षीहरुका नाममा मुलुकी देवानी कार्यविधी संहिता,२०७४ को दफा १५८(२) (क) र (ख) तथा उच्च

अदालत नियमावली,२०७३ को नियम ४२(१)(क) बमोजिम विपक्षीहरुका नाममा अन्तरिम आदेश जारि गरिदिएको छ। आदेशको जानकारी विपक्षीलाई दिई नियमानुसार गर्नू।

१. कारागार तथा बालसुधार गृहमा रहेका कैदीबन्दी तथा बालबालिकासित दिनानुदिन सम्पर्कमा आउने सुरक्षाकर्मी र कर्मचारीहरुलाई कोरोना संक्रमण भए नभएको एकिन गर्न P.C.R. परीक्षण गराउने,

२. P.C.R. परीक्षण गर्न सबै जनाको एकैसाथ सम्भव नभएमा जेष्ठ नागरिक,अन्य रोगबाट पीडित व्यक्ति,नावालक,महिलाहरुको पहिलो चरणमा र त्यसपछि चरणबद्व रुपमा परीक्षण गराई राख्ने,

३. कारागार वा बाल सुधार गृहमा नयाँ आउने कैदीबन्दी वा बालबालिका र सुरक्षाकर्मी एंवम् कर्मचारीहरुलाई अनिवार्य कोरना परीक्षण गराउने,

४. हाल भैरहेको कारागार एंवम् बालसुधार गृहमा स्थान अभावको अवस्था रहेको हुँदा सामाजिक दुरी त्यती संम्भव नदेखिए पनि संम्भव भएसम्म सामाजिक दुरी कायम गर्न लगाई मास्क,सेनिटाईजर एंवम् साबुन पानी जस्ता स्वास्थ्य मापदण्डहरुको अनिवार्य पालना गर्न लगाउने,

५. कैदीबन्दी तथा बालबालिकाका लागि बाहिरबाट ल्याईने खाद्य सामाग्री समेतलाई सेनिटाईज गरी मात्र प्रयोगमा ल्याउने व्यवस्था मिलाउने,

६. अन्य कुराका हकमा तत्कालिन पुनरावेदन अदालत नेपालगंजबाट मिति २०७१।१०।२१ मा भएको परमादेश आदेशको कार्यान्वयन गर्ने गराउने।

न्यायाधीश

इति सम्वत् २०७७ साल श्रावण महिना ११ गते रोज १ शुभम्-------------------------------